रोजगार, सीप तथा उद्यमशीलता केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८.. (मस्यौदा)

प्रस्तावना: नागरिकलाई सम्मानजनक रोजगारीको अवसर सुनिश्चित गर्न, सीपयुक्त जनशक्तिको विकास एवम् परिचालन गर्न, स्थानीय तहमा रोजगार प्रवर्द्धन गर्न, श्रम बजार व्यवस्थापन एवम् सुधार गर्न, श्रम सुशासन कायम गर्न, वैदेशिक रोजगारलाई सहज, सुरक्षित, मर्यादित र शोषणरहित बनाउन तथा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहजीकरणमार्फत रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनलाई एकीकृत रूपमा अगाडी बढाउन विभिन्न निकायहरुबीच समन्वय र सहकार्य गरी एकीकृत रोजगारमूलक सेवा प्रवाह सुनिश्चित गर्न रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले यो कार्यविधि तर्जुमा गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८.. (मस्यौदा)"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**ऐन**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "**नियमावली**" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली २०७५ सम्झनुपर्छ।

(ग) "**मन्त्रालय**" भन्नाले संघीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(घ) "**प्रदेश मन्त्रालय**" भन्नाले प्रदेशको श्रम, रोजगार हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ङ) **"सिटीईभिटी"** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनुपर्छ।

(च) **"प्रतिष्ठान"** भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सम्झनुपर्छ।

(छ) "**स्थानीय तह**" भन्नाले सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

(ज) "**केन्द्र**" भन्नाले रोजगार, सीप तथा उद्यमशीलता केन्द्र सम्झनुपर्छ।

(झ) "**समिति**" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १४ बमोजिम गठित स्थानीय निर्देशक समिति सम्झनुपर्छ।

मस्यौदाकार: संदीप शाह

(ञ) "**रोजगार सेवा**" भन्नाले बेरोजगारको सूचीकरण, रोजगारी सम्बन्धी सूचना प्रवाह, परामर्श, सीप विकास, उद्यमशीलता विकास एवम् प्रवर्द्धन, रोजगार विनिमय लगायतका केन्द्रबाट प्रदान गरिने सेवाहरू सम्झनुपर्छ।

(ट) "**बेरोजगार व्यक्ति**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ङ) बमोजिमको बेरोजगार व्यक्ति सम्झनुपर्छ।

(ठ) "**श्रमिक**" भन्नाले श्रम ऐन, २०७४ को दफा २ (भ) बमोजिमको श्रमिक सम्झनुपर्छ।

(ड) "**लक्षित वर्ग**" भन्नाले दफा ७ बमोजिमको व्यक्तिलाई सम्झनुपर्छ।

(ढ) "**बेरोजगार सहायता कार्यक्रम**" भन्नाले ऐनको दफा २० र नियमावलीको नियम १७ ले तोके बमोजिममा क्षेत्रमा सञ्चालन भएका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सञ्चालन गरेका कार्यक्रमलाई सम्झनुपर्छ।

(ण) "**न्यूनतम रोजगारी**" भन्नाले ऐनको दफा २ को बुँदा (ग) मा उल्लेख भएको रोजगार अवधिलाई सम्झनुपर्छ।

(त) **"व्यवसाय"** भन्नाले ज्ञान, सीप, पूँजी, प्रविधि र साधनको प्रयोग गरी वस्तु वा सेवाको उत्पादन तथा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ।

(थ) "**स्वरोजगार**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ज) बमोजिमको स्वरोजगार सम्झनुपर्छ।

(द) "**वैदेशिक रोजगार**" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ (क) बमोजिमको वैदेशिक रोजगार सम्झनुपर्छ।

(ध) "**पुनः श्रम स्वीकृति**" भन्नाले वैदेशिक रोजगार नियमवाली, २०६४ को नियम २ (घ३) बमोजिमको पुनः श्रम स्वीकृति सम्झनुपर्छ।

(न) "**पुनःएकीकरण**" भन्नाले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनः एकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९ को दफा २ (च) बमोजिमको पुनःएकीकरण सम्झनुपर्छ।

(य) "**रोजगारदाता**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (झ) बमोजिमको रोजगारदाता सम्झनुपर्छ।

(र) "**बोर्ड**" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ (ट) बमोजिमको बोर्ड सम्झनुपर्छ।

(ल) "**रोजगार संयोजक**" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ५ (१) बमोजिम नियुक्त रोजगार संयोजकलाई सम्झनुपर्छ।

मस्यौदाकार: सुदीप शर्मा

परिच्छेद-२

केन्द्रको उद्देश्य र एकीकृत सेवाको सञ्चालन

३. **उद्देश्य:** (१) केन्द्र सञ्चालनका उद्देश्यहरु देहाय अनुसार रहनेछन्;

(क) बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन, अद्यावधिक, विश्लेषण एवम् प्रकाशन,

(ख) स्थानीय तहमा रोजगार, सीप र उद्यमशीलता सम्बन्धी सेवाहरूको एकीकृत रूपमा सञ्चालन,

(ग) स्थानीय स्तरमा उपलब्ध सीप तथा श्रम बजारको मागको नक्साङ्कन

(घ) स्थानीय श्रम बजारको माग अनुसार सीप विकास प्रवर्द्धन

(ङ) बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई रोजगारीका अवसरहरुमा सहज पहुँच अभिवृद्धि,

(च) श्रम बजारलाई व्यवस्थित, पारदर्शी, सुरक्षित, समावेशी, सन्तुलित र स्वचालित बनाउन सीप विकास, उद्यमशीलता विकास, स्वरोजगार सिर्जना र आन्तरिक रोजगार प्रवर्द्धन,

(छ) उद्यमशीलता विकास एवम् प्रवर्द्धन तथा व्यवसाय संवर्द्धन सेवा

(ज) सरोकारवाला निकायहरु बीच समन्वय र सहकार्य,

(झ) वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन आवश्यक सहजीकरण,

(ञ) वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण,

(ट) स्थानीय आर्थिक विकास र सामाजिक सुरक्षा प्रणालीको सुदृढीकरण।

४. **एकीकृत सेवाको सञ्चालन**: (१) केन्द्रले देहायका एकीकृत सेवाको सञ्चालन गर्नु पर्नेछ।

क) रोजगार सेवा सहायता

ख) वृति/रोजगार परामर्श तथा रेफरल सेवा

ग) रोजगार विनिमय सेवा

घ) सीप नाक्साङ्कन

ङ) सीप तथा क्षमता विकास तालिम

च) सीपको प्रमाणीकरण

छ) सीप तथा रोजगार मेला

ज) उद्यम विकास सेवा र सहजीकरण

झ) वित्तीय साक्षरता

मस्यौदाका : संदीप शाह

ञ) रोजगारीका लागि तयारी क्लव

ट) रोजगार सम्वाद मञ्चको सञ्चालन

ठ) श्रमको सम्मान राष्ट्रको अभियान

ड) बालश्रम तथा बाधा श्रम

ढ) वैदेशिक रोजगारमा सहजीकरण

ण) बोर्डको कल्याणकारी सेवाहरुमा सहजीकरण

त) पुनः श्रम स्वकृति सम्बन्धी सहजीकरण

थ) पुनः एकीकरण

द) स्थानीय श्रम बजारको अध्ययन, विश्लेषण।

(२) मन्त्रालय वा प्रदेश मन्त्रालय वा गाउँ/नगरपालिकाले आवश्यकता अनुसारको अन्य रोजगारमूलक सेवाको छनौट गरि केन्द्रमार्फत सञ्चालन गर्न सक्नेछ।

५. **बेरोजगार सहायता कार्यक्रम**: स्थानीय तहले केन्द्रमार्फत ऐनको दफा २० बमोजिमको बेरोजगार सहायताका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ।

६. **लक्षित वर्ग**: केन्द्रको लक्षित वर्ग देहाय बमोजिम हुनेछन्:

(क) केन्द्रमा सूचीकृत बेरोजगार व्यक्ति,

(ख) रोजगारी वा सीपको खोजिमा रहेका व्यक्ति,

(ग) रोजगारी परिवर्तन गर्न चाहने व्यक्ति,

(घ) स्वरोजगार वा उद्यमी हुन चाहने व्यक्ति,

(ङ) वैदेशिक रोजगारीमा जाने वा वैदेशिक रोजगारीबाट फिर्ता भएका व्यक्ति।

७. **कार्यक्षेत्र**: यो कार्यविधि स्थानीय तह मातहत रहने रोजगार, सीप तथा उद्यमशीलता केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापनमा लागु हुनेछ।

परिच्छेद - ३

एकल बिन्दु सेवा केन्द्र र सेवाको विविधीकरण

८. **एकल विन्दु सेवा केन्द्र**: (१) केन्द्रले रोजगार, सीप, उद्यमशीलता र श्रम आप्रवासनको एकल विन्दु सेवा केन्द्र (One Stop Service center) को रूपमा सेवा प्रवाह गर्नु पर्नेछ।

मस्यौदाका लागि सार्वजनिक गरिएको

(२) स्थानीय स्तरमा रोजगारीका अवसर र सम्भावनाहरुको पहिचान गर्ने, श्रम बजारको प्रकृतिको बारेमा जानकारी गराउने, श्रम बजारमा प्रवेश गर्ने व्यक्तिहरूलाई आवश्यक बेरोजगार सेवा सहायता, करियर परामर्श, रोजगारी मार्गदर्शन एवम् रेफरल सेवा प्रदान गर्नु पर्नेछ।

(३) बेरोजगार व्यक्ति वा सीपको खोजीमा रहेका व्यक्ति वा निम्न स्तरका सीप वा थप क्षमता विकास आवश्यक भएका व्यक्तिहरूलाई श्रम बजारको मागको आधारमा व्यवसायिक तथा प्राविधिक तालिम मार्फत दक्ष, प्रतिस्पर्धी र व्यवसायिक जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ति गर्ने काम गर्नु पर्नेछ।

(४) श्रम बजारको माग र आवश्यकता अनुसार श्रम बजार प्रवर्द्धन तथा विस्तार, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सङ्घीय, प्रादेशिक एवं स्थानीय नीति योजना बमोजिम सञ्चालन हुने गरी एकीकृत सेवाको सञ्चालन र कार्यक्रमहरूको कार्यान्वयन केन्द्रमार्फत गरिनेछ।

(५) केन्द्रले उद्यम व्यवसायको दर्ता प्रक्रियामा सहयोग र वित्तीय पहुँचका लागि बैंक तथा वित्तीय संस्थासंग आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(६) श्रम आप्रवासनमा जाने श्रमिकलाई केन्द्रले स्थानीय तहमै गन्तव्य मुलुकको बारेमा अनिवार्य रूपमा सूचना, जानकारी र परामर्श प्रदान गरी श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउनु पर्नेछ।

(७) पूर्वप्रस्थान अभिमुखीकरण तालिम र श्रम आप्रवासनसम्बन्धी सूचना प्रवाहलाई व्यवस्थित एवम् परिणाममुखी बनाउन अभिमुखीकरण सेवाहरूलाई नियमित रुपमा वडा तहसम्म विस्तार एवम् सञ्चालन गर्नु पर्नेछ।

(८) भारत जाने नेपाली श्रमिकहरुलाई केन्द्रमार्फत सूचना तथा जानकारी प्रदान गर्नु पर्नेछ।

(९) केन्द्रले भारतमा काम गर्न जाने नेपाली श्रमिकको तथ्यांक संकलन तथा व्यवस्थापन गर्नु पर्नेछ।

९. **सेवाको विविधीकरण**: (१) केन्द्रले देहायका विशिष्टीकृत सेवाहरूको सञ्चालन, व्यवस्थापन तथा सहजीकरण गर्नेछ:

(क) रोजगार सेवा: बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्ति वा रोजगारी परिवर्तन गर्न चाहने व्यक्तिलाई श्रम बजारमा सहज पहुँच अभिवृद्धि गर्न आवश्यक रोजगार सेवा व्यवस्थित, प्रभावकारी र निशुल्क रुपमा प्रदान गर्नु पर्नेछ।

(च) करियर काउन्सिलिङ: बेरोजगार व्यक्तिको रुचि, क्षमता र श्रम बजारको मागका आधारमा वृत्ति विकासका लागि परामर्श सेवा एवम् क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ।

(ख) सीप विकास तालिम: स्थानीय श्रम बजारमा माग भएका तथा स्वरोजगारका लागि आवश्यक सीप विकास तालिमका अवसरहरु पहिचान गर्नुपर्ने, स्किल म्यापिङ्ग गर्नुपर्ने, सीप विकासको इकोसिस्टम तयार एवम् अद्यावधिक गर्नुपर्ने र सीपयुक्त, दक्ष, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न आवश्यक सीप

विकास तालिम सञ्चालन गर्ने, तालिममा सहभागी हुन तालिम केन्द्रमा सिफारिस गर्नुपर्ने, तालिम प्रदायक संस्थाहरुसंग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(ग) उद्यमशीलता विकास एवम् प्रवर्द्धन: स्वरोजगार वा उद्यमी बन्न चाहने व्यक्तिहरुलाई परियोजना प्रस्तावना, व्यवसाय दर्ता, सहुलियतपूर्ण ऋण तथा बीउ पुँजीका लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्नुपर्ने, वित्तीय साक्षरता सञ्चालन गर्नुपर्ने, व्यवसाय विकास एवम् प्रवर्द्धनात्मक गतिविधिहरु सञ्चालन गर्नु पर्नेछ ।

(ङ) रोजगार विनिमय: बेरोजगार व्यक्तिको सीप, क्षमता, योग्यता र रोजगारदाताको मागलाई डिजिटल प्रणाली मार्फत रोजगार मिलान गर्नु पर्नेछ ।

(घ) वैदेशिक रोजगार सम्बन्धी सहयोग र सहजीकरण: वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन तथा कल्याणकारी सेवाहरुलाई सहज, पारदर्शी र पहुँचयोग्य बनाउन आधिकारिक, विश्वसनीय र भरपर्दो सूचना, जानकारी तथा परामर्श, सहयोग र सहजीकरण प्रदान गर्नु पर्नेछ ।

(छ) समावेशी रोजगारमूलक कार्यक्रम: युवा, महिला, अपाङ्गता भएका व्यक्ति, दलित र सीमान्तकृत समुदाय, अनौपचारिक क्षेत्रका श्रमिक, वैदेशिक रोजगारबाट फर्केका व्यक्ति, यौनिक तथा लैङ्गिक वर्गलाई श्रम बजारमा सहज पहुँच कायम गर्न विशेष लक्षित रोजगार कार्यक्रम तथा परामर्श सेवा सञ्चालन गर्नु पर्नेछ ।

(ज) श्रम बजारसम्बद्ध सचेतनामूलक कार्यक्रम: श्रम बजार सम्बन्धी सही सूचना र जानकारीको अभावका कारण रोजगारीको खोजीमा रहेका व्यक्ति र श्रमिकहरुले विभिन्न समस्या, कठिनाई र चुनौतीहरुको सामना गर्नु परिरहेकाले श्रम ऐन, श्रमिकको हक अधिकारबारे जानकारी बढाउने, वैदेशिक रोजगारीमा हुने जोखिम न्यूनीकरण गर्न सचेतना अभिवृद्धि गर्ने, लैङ्गिक समावेशिता र सामाजिक सुरक्षा प्रवर्द्धन गर्न सहयोग गर्ने, सुरक्षित, मर्यादित र औपचारिक रोजगारी प्रवर्द्धनमा सहयोग गर्ने, सीप विकास, वृत्ति विकास र उद्यमशीलता विकासमा मार्गदर्शन प्रदान गर्ने, श्रम बजारको प्रकृति, रोजगारीको अवसर र सम्भावना, श्रमको सम्मान, राष्ट्रको अभियान, कार्यस्थल सुरक्षा, रोजगार सेवा प्रणालीबारे सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

१०. स्टार्टअप सहयोग: (१) नयाँ नयाँ उद्यम व्यवसायहरूको विकास एवम् विस्तार, नयाँ उद्यमी सिर्जना र नवप्रवर्तनलाई प्रोत्साहन गर्न उद्यमीहरूलाई आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ ।

(२) नयाँ उद्यम व्यवसाय सुरु गर्न चाहने व्यक्तिलाई व्यवसाय विकास सेवा, परामर्श, तालिम तथा वित्तीय पहुँचमा सहजीकरण गर्नु पर्नेछ ।

(३) उद्यमशीलता विकास एवम् प्रवर्द्धन गरी स्वरोजगार हुने वातावरण निर्माण गर्न केन्द्रले समन्वयकारी भूमिका खेल्नु पर्नेछ ।

(४) वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न साक्षरता अभियान सञ्चालन गरिनेछ।

११. बजार पहुँचः (१) स्थानीय उद्यमीबाट उत्पादित वस्तु/सेवालाई बजारसँग जोड्न केन्द्रले समन्वय गर्नु पर्नेछ।

(२) केन्द्रले डिजिटल प्लेटफर्ममार्फत बजार प्रवर्द्धन गर्न सहजीकरण गर्नु पर्नेछ।

१२. अभिलेख राख्नु पर्नेः (१) केन्द्रले स्थानीय तहभित्र रहेका रोजगारदाताको विवरण संकलन गरि अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(२) केन्द्रले रोजगारीको सम्भाव्यताको विश्लेषण गरी रोजगारीको क्षेत्र तथा अवसरहरुको नक्साङ्कन र अभिलेखाङ्कन गर्नु पर्नेछ।

(३) स्थानीय श्रमबजारलाई आवश्यक पर्ने श्रमिक, सीप तथा क्षमताको विवरण संकलन गरि अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(४) साना तथा घरेलु उद्योगमा आवश्यक पर्ने सीप/तालिम रआवश्यक जनशक्तिको विवरण संकलन एवम् अद्यावधिक गर्नु पर्नेछ।

(५) केन्द्रले सीप विकास, आन्तरिक रोजगारी, स्वरोजगारी, सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगारी लगायतका अन्य रोजगारमूलक सेवा तथा सुविधाहरुको पहिचान गरी रोजगारमूलक सेवाको अभिलेख राख्नु पर्नेछ।

(६) आवश्यक तथ्याङ्क तथा अभिलेखहरुको व्यवस्थापन मन्त्रालयले उपलब्ध गराएको सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गर्नुपर्नेछ।

परिच्छेद - ४

अपनत्व, दायित्व, समन्वय र सहकार्य

१३. स्थानीय तहले अपनत्व लिनुपर्नेः (१) स्थानीय तहले केन्द्रको सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहमा अग्रणी भूमिका खेल्नु पर्नेछ।

(२) स्थानीय तहले केन्द्रबाट प्रवाह गरिने रोजगारमूलक सेवाको गुणस्तर र पारदर्शिता कायम गर्न आवश्यक स्रोत सुनिश्चित गर्नु पर्नेछ।

(३) स्थानीय तहले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेटमा केन्द्र सञ्चालनका लागि आवश्यक बजेट तथा रोजगारमूलक कार्यक्रम समावेश गर्नुपर्नेछ।

मस्यौदाकार: संदीप शाह

(४) स्थानीय निर्देशक समिति मार्फत नीति तथा कार्यक्रम तर्जुमा, मूल्याङ्कन र निर्णय प्रक्रिया सञ्चालन गरिनेछ।

(५) स्थानीय आर्थिक विकास योजना, उद्यम व्यवसायको विकास एवम् विस्तार, सीप तथा क्षमता विकास तालिम र उद्यमशीलता विकास एवम् प्रवर्द्धन कार्यक्रममा केन्द्रको भूमिका सुनिश्चित गर्नु पर्नेछ।

१४. **स्थानीय तहको दायित्व**: (१) बेरोजगार दर्ता प्रणालीमा पारदर्शिता कायम गर्ने दायित्व स्थानीय तहको हुनेछ।

(२) प्रशासनिक तथा बजेट कार्यान्वयन स्थानीय तहकै प्रणालीमार्फत सञ्चालन गरिनेछ।

(५) केन्द्रको सेवा प्रवाहलाई वडा तहसम्म विस्तार गर्नु पर्नेछ।

१५. **समन्वय र सहकार्य**: (१) केन्द्रले तहगत सरकार, विभिन्न सरकारी निकाय, गैर-सरकारी संघसंस्था, निजी क्षेत्र, तालिम प्रदायक संस्था र रोजगारदाताहरूसँग नियमित समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) रोजगारदाताको आवश्यकता पहिचान गरी सोही अनुसारको सीप र जनशक्ति विकास गर्न राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र अन्य तालिम प्रदायक संस्थाहरुसँग समन्वय गर्नु पर्नेछ।

(३) केन्द्रमा सूचीकृत बेरोजगारहरूलाई रोजगारी वा प्रशिक्षणसहित रोजगारी (Apprenticeship) मा प्राथमिकता दिन रोजगारदातासंग समन्वय गर्नु पर्नेछ।

(४) केन्द्रले उद्योगी, व्यवसायी लगायत अन्य रोजगारदाताहरुसँग समन्वय र सहकार्य गरी रोजगारी सिर्जनामा गर्नु पर्नेछ।

(५) स्थानीय तह अन्तर्गतका उच्च विद्यालय र कलेजहरुमा अध्ययनरत् विद्यार्थीहरुलाई श्रम बजारको प्रकृति, माग र आपूर्तिको वर्तमान अवस्थाको बारेमा जानकारी गराउन विद्यालय र कलेजहरुसंगको समन्वयमा करियर काउन्सेलिङ सेवा वा कक्षा सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद - ५

वित्तीय, कार्यालय र जनशक्ति व्यवस्थापन

१६. **वित्तीय व्यवस्थापन**: (१) केन्द्रको प्रभावकारी सञ्चालनका लागि संघीय सरकारले आवश्यक बजेट रकमको व्यवस्थापन गर्नु पर्नेछ।

(२) स्थानीय तहले आफ्नो वार्षिक बजेटमा केन्द्र सञ्चालनका लागि आवश्यक थप बजेट रकम विनियोजन गर्नु पर्नेछ।

मस्यौदा संघीय गृह

(३) केन्द्रको प्रभावकारी सञ्चालनका लागि प्रदेश सरकारबाट अनुदान वा प्राविधिक सहयोग लिन सकिनेछ।

(४) निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी संस्था र विकास साझेदार संस्थाको स्रोत परिचालन वा सँग सहकार्य गर्न सकिनेछ।

(५) केन्द्रको आय र व्ययको लेखाङ्कन स्थानीय तहको प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(६) केन्द्रको आर्थिक कारोबारको आन्तरिक र अन्तिम लेखा परीक्षण गर्ने दायित्व स्थानीय तहको हुनेछ।

१७. **कार्यालय व्यवस्थापन:** (१) केन्द्रको लागि कार्यालय सञ्चालन स्थान, नागरिकमैत्री सेवा कक्ष, परामर्श कक्ष, तालिम हल, आवश्यक फर्निचर तथा विद्युतीय उपकरणहरु, सूचना बोर्ड, प्रतिक्षालय र डिजिटल पहुँचको व्यवस्था स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ।

(३) केन्द्रको भवन/कोठा, पूर्वाधार र सञ्चालन लागतको सुनिश्चितता गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

(२) रोजगार सेवाको प्रवाह सहज, पहुँचयोग्य, समावेशी, गुणस्तरीय र पारदर्शी रुपमा गर्नु पर्नेछ।

१८. **जनशक्ति व्यवस्थापन:** (१) रोजगार संयोजक तथा अन्य कर्मचारीको व्यवस्थापनमा स्थानीय तहले सहयोग र समन्वय गर्नु पर्नेछ।

(२) केन्द्रमा आवश्यक सहायक कर्मचारी, परामर्शकर्ता लगायत अन्य प्राविधिक/अप्राविधिक कर्मचारीको व्यवस्थापन स्थानीय तहले गर्नु पर्नेछ।

(३) रोजगार संयोजक लगायतका कर्मचारीहरुको क्षमता विकासका लागि मन्त्रालय र प्रदेश मन्त्रालयले नियमित तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(४) केन्द्रका कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मूल्याङकन मन्त्रालयले उपलब्ध गराएको सूचना व्यवस्थापन प्रणालीमा आधारित भई स्थानीय तहले गर्नुपर्नेछ।

परिच्छेद - ६

संस्थागत व्यवस्था

१९. **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय:** (१) केन्द्रको सञ्चालन, व्यवस्थापन, निर्देशन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको हुनेछ।

(२) मन्त्रालयले नेपाल सरकारका अन्य विषयगत मन्त्रालय तथा निकायहरु, प्रदेश सरकार र स्थानीय तहहरुसँगको समन्वय, सहकार्य र सहयोगमा नीति, योजना, कार्यक्रम, मापदण्ड र कार्यविधिहरु तर्जुमा गर्ने, आवश्यक संरचनाको व्यवस्था गर्ने र कार्यक्रम कार्यान्वयनको संयोजन गर्ने कार्य गर्नेछ।

मस्यौदाकार: संदीप शर्मा

२०. **प्रदेशको सम्बन्धित मन्त्रालय**: प्रदेशको क्षेत्राधिकार भित्रका रोजगार प्रवर्द्धन तथा न्यूनतम रोजगारी सिर्जना गर्ने जिम्मेवारी प्रदेश सरकारको समेत हुनेछ। प्रदेश सरकारले समेत केन्द्रमार्फत रोजगारमूलक सेवा सुविधा तथा कार्यक्रम सञ्चालन गर्ने सक्नेछ।

२१. **श्रम तथा व्यावसायजन्य सुरक्षा विभाग**: श्रम तथा रोजगारको उपयुक्त व्यवस्थापन र एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह गर्न विभाग सम्बन्धी क्रियाकलापहरुका विषयमा केन्द्रको क्षमता विकास तथा विस्तार गर्नु पर्नेछ।

२२. **वैदेशिक रोजगार विभाग**: वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण, वैदेशिक रोजगारीमा जानु पुर्वको अभिमूखिकरण, जनचेतना अभिबृद्धि, परामर्श तथा मनोसामाजिक परामर्श र श्रम स्वीकृति वा पुनः श्रम स्वकृतिमा सहजिकरण लगायतका विषयमा केन्द्रको क्षमता अभिबृद्धि गरी वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित गर्न आवश्यक क्रियाकलाप सञ्चालन गर्नेछ।

२३. **वैदेशिक रोजगार बोर्ड**: वैदेशिक रोजगारमा जाने तथा वैदेशिक रोजगारीबाट फर्केका श्रमिक तथा निजको परिवारलाई उपलव्ध हुने कल्याणकारी कार्यहरुको सञ्चालन केन्द्र मार्फत प्रवाह गर्न वैदेशिक रोजगार बोर्डको कार्यालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

२४. **सामाजिक सुरक्षा कोषको कार्यालय**: योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा श्रमिकलाई आवद्ध गर्न सामाजिक सुरक्षा कोषले केन्द्र मार्फत प्रवर्द्धनकारी क्रियाकलापको सञ्चालन र श्रमिकलाई कोषले उपलव्ध गराउने सेवा तथा सुविधालाई व्यवस्थापन गर्न आवश्यक क्रियाकलापहरु सञ्चालन गर्नेछ।

२५. **राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान**: तीनै तहको सरकारले श्रम बजारको माग र आपूर्तिसंग सम्बन्धित विषयमा प्रतिष्ठानले व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्नेछ। प्रतिष्ठानले सीप विकास सम्बन्धी क्रियाकलापहरु केन्द्र मार्फत सञ्चालन गर्न सक्नेछ।

२६. **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद**: परिषदले मुलुकको आर्थिक वृद्धि, औद्योगिक विकास र गरिबी तथा बेरोजगारी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। श्रम बजारको उदयीमान क्षेत्रहरुमा श्रम बजारको माग अनुसारको पाठ्यक्रम तयार एवम् अद्यावधिक गरि श्रम बजारमा दक्ष जनशक्तिको आपूर्ति गर्न दक्ष जनशक्ति उत्पादन, सीप विकास र रोजगार प्रवर्द्धनका गतिविधिहरु केन्द्र मार्फत सञ्चलन गर्नेछ।

२७. **औधोगिक व्यवसाय विकास प्रतिष्ठान**: प्रतिष्ठानले केन्द्रमार्फत उद्यमशीलता र व्यवसाय विकास, सम्भाव्यता अध्ययन, परामर्श र तालिम जस्ता आवश्यकतामा आधारित सेवाहरू उद्यमीहरूलाई सहयोग गर्ने, उद्यम विकासको लागि गुणस्तरीय सहयोग सेवाहरू प्रदान गर्ने, प्राविधिक, उद्यमशीलता र व्यवस्थापन सम्बन्धी ज्ञान र सीप विकास गर्न आवश्यकतामा आधारित कार्यक्रमहरू सञ्चालन गर्नेछ। प्रतिष्ठानले अन्य क्रियाकलापहरु केन्द्र मार्फत सञ्चालन गर्न सक्नेछ।

२८. **श्रम तथा रोजगार कार्यालय**: ऐनले तोकेको रोजगारीको अधिकारको व्यवस्थापन एवम् कसूर र सजाय सम्बन्धी प्रावधानको कार्यान्वयन लगायतको प्रभावकारी कार्यान्वयन गर्न श्रम तथा रोजगार कार्यालयले केन्द्रलाई सहजिकरण गर्नेछ । स्थानीय तहमा श्रम तथा रोजगारमूलक एकीकृत सेवा प्रवाहको आवश्यक व्यवस्थापन तथा सहजिकरण गर्न र केन्द्रबाट सञ्चालन भए गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा श्रम तथा रोजगार कार्यालयले सहयोग गर्नु पर्नेछ ।

२९. **स्थानीय तह**: केन्द्र सञ्चालनको प्रमुख जिम्मेवारी स्थानीय तहले लिई नागरिकलाई उद्यमशीलता विकास, स्वरोजगारी प्रवर्द्धन, उत्पादनशील रोजगारी र न्यूनतम रोजगारीको सुनिश्चिता लगायत एकीकृत श्रम तथा रोजगारमूलक सेवा प्रवाह गर्नेछ ।

३०. **वडा कार्यालय:** केन्द्रबाट सञ्चालन हुने एकीकृत रोजगारमूलक सेवा तथा कार्यक्रम कार्यान्वयनमा वडा कार्यालयको प्रमुख भूमिका रहनेछ ।

परिच्छेद - ७

विविध

३१. **प्रचारप्रसार**: (१) रोजगार सेवामा सर्वसाधारण वर्गको सहज पहुँच अभिवृद्धि गर्न तथा श्रम आप्रवासनका विद्यमान चुनौती, सम्भावित जोखिम र अवसरका बारेमा केन्द्रबाट आवश्यक प्रचारप्रसार अभियान सञ्चालन गर्नु पर्नेछ ।

(२) प्रचारप्रसारका लागि कार्यालयको वेभसाईट, फेसबुक पेज, युट्युब, ब्लग, रेडियो जिंगल, अनलाईन मिडिया र डिजिटल प्लेटफर्मको प्रयोग गरिनेछ ।

(३) रोजगारी र तालिमका अवसर तथा रोजगारमूलक सूचनाहरुको नियमित र सहज पहुँच हुने गरी प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(४) रोजगारीका कुरा, सफलताका कथा र उद्यमशीलताका सम्भावनाहरुको संकलन, प्रकाशन र प्रसारण गरी प्रेरणा अभिवृद्धि गरिनेछ ।

(५) केन्द्रबाट प्रवाह गरिने सेवाहरूको बारेमा प्रचारप्रसार गर्दा बहुभाषिक र समावेशी सामग्रीहरुको प्रयोग गर्नु पर्नेछ ।

३२. **गुणस्तर परीक्षण**: (१) रोजगार सेवा प्रवाहको नियमित रुपमा गुणस्तर परीक्षण गर्नु पर्नेछ ।

(२) रोजगार सेवा प्रवाहका गुणस्तर सूचकाङ्क निर्धारण गरिनेछ ।

(३) सेवाको गुणस्तर सुधार गर्न नियमित रूपमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्नु पर्नेछ ।

३३. **व्यवस्थापन सूचना प्रणालीको प्रयोग**: (१) मन्त्रालयले उपलब्ध गराएको व्यवस्थापन सूचना प्रणालीको प्रयोग अनिवार्य र नियमित गर्नुपर्नेछ ।

मस्यौदाकार: प्रदीप शाह

(२) बेरोजगार व्यक्ति, रोजगारदाता र तालिम प्राप्त व्यक्तिहरुको विवरण व्यवस्थापन सूचना प्रणालीमार्फत प्रविष्टी र अद्यावधिक गर्नु पर्नेछ।

(३) स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरका रोजगारदाताहरूको तथ्याङ्क डिजिटल प्रणाली अद्यावधिक गर्नु पर्नेछ।

३४. **अनुगमन, मूल्याङ्कन र प्रतिवेदन**: (१) मन्त्रालय र प्रदेश मन्त्रालयले तोकेको निकायहरुमार्फत केन्द्रको नियमित अनुगमन गरिनेछ।

(२) केन्द्रको सेवाले लक्षित समूहको रोजगारीमा पारेको प्रभावको आवधिक मूल्याङ्कन गरिनेछ।

(३) व्यवस्थापन सूचना प्रणालीबाट नियमित रिपोर्टिङ गर्नु पर्नेछ।

(४) केन्द्रले मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय तहको कार्यपालिका तथा सम्बन्धित मन्त्रालयमा नियमित पठाउनु पर्नेछ।

३५. **गुनासो व्यवस्थापन**: (१) रोजगार सेवा सम्बन्धी गुनासो दर्ता, छानबिन र समाधान प्रणाली स्थापित गरिनेछ।

(२) अनलाइन गुनासो फारम, ईमेल, टोल–फ्री नम्बर वा प्रत्यक्ष सम्पर्क काउन्टर सञ्चालन गरिनेछ।

३६. **निर्देशन दिन सक्ने**: (१) यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा प्रदेश मन्त्रालय वा प्रतिष्ठान वा गाउँ/नगरपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेख नभएका विषयमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले थप व्यवस्था गर्न सक्नेछ।

३७. **बाधा अडकाउ फुकाउ**: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा स्थानीय तहको कार्यपालिकाले सम्बन्धित मन्त्रालय वा प्रदेश मन्त्रालयसँग परामर्श गरी आवश्यक निर्णय गर्न सक्नेछ।

३८. **संशोधन**: (१) ..... ले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन एवम् पुनरावलोकन गर्न सक्नेछ।

मस्यौदाकार: संदीप शाह